जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४०    अंक २७    २०७८ साल माघ १६ गते आइतवार (30 Jan. 2022 Sunday)    मूल्य रु. ७/-

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिमको कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : न्युट्रास्युटिकल्स औषधिहरु किन ... पृष्ठ ३ मा : उद्योग व्यवसायीको विकासका ... पृष्ठ ४ मा : निर्वाचन बाहेकका ... पृष्ठ ५ मा : सिके राउतबिरुद्ध ...



जनमत पार्टी सप्तरीले शनिबार राजबिराजमा हथकडी जुलुस प्रदर्शन गर्दै । *तस्बिर : नवीन साप्ताहिक*

## जेठभित्र स्थानीय तहको निर्वाचन गर्न सुझाव

**काठमाडौं**/सरकार सञ्चालनमा सहयोग गर्न गठित पाँच दलीय उच्चस्तरीय संयन्त्रले स्थानीय तहको निर्वाचन आगामी जेठभित्र गर्न सरकारलाई सुझाव दिएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको बैठकले आगामी जेठभित्र स्थानीय तहको निर्वाचन गर्न प्रधानमन्त्रीमार्फत सरकारलाई सुझाव दिएको हो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले संयन्त्रको सुझावपछि निर्वाचन आयोगसँग परामर्श गरेर सरकारले आगामी जेठभित्र स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने बताए।

बैठकले संविधानसँग बाझिएका कानून तथा ऐन संशोधन गर्नुपर्ने भए त्यो तयारीका लागि समेत सरकारलाई सुझाव दिएको उनले बताए।

विसं २०७४ मा स्थानीय तहको निर्वाचन तीन चरणमा सम्पन्न भएको थियो। त्यसलाई समेत मध्यनजर गरी संविधानसँग बाझिएका कानुन मिलाएर सरकारले आगामी जेठभित्र स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने उनले बताए।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको संयोजनमा बसेको बैठकमा कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय जानमोर्चाका शीर्षनेता सहभागी थिए।

## कोरोनाका कारण मृत्यु हुनेको संख्या तीन पुग्यो

**राजबिराज**/सप्तरीका थप एक कोरोना संक्रमित महिलाको मृत्यु भएको छ। योसँगै जिल्लामा कोरोनाका कारण मृत्यु हुनेको संख्या ३ पुगेको छ।

कोशी अस्पतालको आइसोलेशनमा भर्ना रहेकी सप्तरीको रुपनी गाउँपालिकाकी ७५ वर्षिया धनमन्ती देवी यादवको उपचारको क्रममा बिहीबार साँझ मृत्यु जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

संक्रमण पुष्टि भएसँगै स्वास्थ्यमा जटिल समस्या देखिएपछि उनलाई तीन दिनअघि रेफर गरि थप उपचारका लागि कोशी अस्पताल पठाइएको थियो। आइसोलेशनमा राखी उपचार चलिरहेकै बेला उनको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए।

यसअघि सोही गाउँपालिकाकी ६५ वर्षिया चमेलीदेवी साह र विष्णुपुर गाउँपालिकाका ६० वर्षिय रामरतन रामको पनि कोरोनाका कारण मृत्यु भइसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

## सप्तरीमा महिला भन्दा बढी पुरुष

**राजबिराज**/राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाले नेपालमा पुरुष भन्दा बढी महिलाको जनसंख्या रहेको देखाएको बेला सप्तरीमा भने महिला भन्दा पुरुषको जनसंख्या बढी रहेको छ। जिल्लामा ३ हजार ३ सय ९२ ले पुरुषको जनसंख्या बढी रहेको छ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाले जिल्लामा कुल जनसंख्या ७ लाख ११ हजार ७ सय ५९ रहेको देखाएको छ। जिल्लामा पुरुषको संख्या ३ लाख ५७ हजार ५ यस ७५ र महिलाको संख्या ३ लाख ५४ हजार १ सय ८३ रहेको तथ्यांकले देखाएको छ।

केन्द्रीय तथ्यांक विभागले बुधवार सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार जिल्लामा १ लाख २४ हजार ३ सय २४ घर संख्या रहेको उल्लेख छ। जसमा परिवार संख्या १ लाख ५१ हजार २ सय ९१ रहेको छ।

सप्तरीका १८ स्थानीय तहमध्ये सबैभन्दा बढी जनसंख्या सप्तरी सदरमुकाम राजबिराजमा नगरपालिकामा रहेको उल्लेख छ। राजबिराजको कुल जनसंख्या ७१ हजार ९ सय ४६ उल्लेख छ। जसमा परिवार संख्या १५ हजार १ यस २१ रहेको छ। महिला ३६ हजार ९ सय ४२ र पुरुषको संख्या ३५ हजार ४ रहेको देखाइको छ।

राष्ट्रिय जनगणना-२०७८ को प्रारम्भिक नतिजाअनुसार मुलुकको जनसङ्ख्या दुई करोड ९१ लाख ९२ हजार ४८० रहेकामा करोड ४९ लाख एक हजार १६९ जना महिला (५१.०४%) र एक करोड ४२ लाख ९१ हजार ३११ जना पुरुष (४८.९६%) रहेका छन्।

## सप्तरीमा संक्रिय संक्रमितको संख्या ३ सय २५ पुग्यो

**राजबिराज**/सप्तरीमा शुक्रबार एकैदिन २७ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ। योसँगै जिल्लामा संक्रमित हुनेको संख्या ३ सय २५ पुगेको छ।

पछिल्लो पटक संक्रमण पुष्टि भएका मध्ये कंचनरुप नगरपालिकाका सर्वाधिक १५ जना छन्। यस्तै राजबिराज नगरपालिकाका ३, तिरहुत गाउँपालिका र अन्य जिल्लाका दुई/दुई तथा हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशी नगरपालिका, डाक्नेश्वरी नगरपालिका, बोदेबरसाइन नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका एक/एक जना-मा पनि कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिए।

संक्रमित मध्ये तीन जना गजेन्द्र नारायण सिंह अस्पतालको आइसोलेशन बाडमा र अन्य सबै होमआइसोलेशनमै रहेको उनले बताए।

## मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या

**राजबिराज**/मधेश प्रदेशमा सबै भन्दा बढी ६१ लाख २६ हजार २ सय ८८ जनसंख्या पुगेको छ। केन्द्रीय तथ्याङ्क विभागले बुधबार सार्वजनिक गरेको २०७८ सालको तथ्यांकले उक्त जनसंख्या उल्लेख छ।

मधेशपछि सबैभन्दा बढी जनसंख्या भएको प्रदेशमा बागमती प्रदेश रहेको छ। बागमतीको कुल जनसंख्या ६० लाख ८४ हजार ४२ रहेको छ।

यस्तै सबैभन्दा कम जनसंख्या हुनेमा कर्णाली प्रदेश रहेको विभागले जनाएको छ। कर्णाली प्रदेशको जनसंख्या १६ लाख ९४ हजार ८ सय ८९ रहेको छ। यसअघिको जनगणनामा कर्णालीको जनसंख्या १५ लाख ७० हजार ४ सय १८ रहेको थियो।

नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० पुगेको छ। नयाँ जनगणनामा महिलाको संख्या १ करोड ४९ लाख १ हजार १६९ र पुरुष १ करोड ४२ लाख ९१ हजार ३११ रहेको छ। अघिल्लो पटकको जनगणनामा नेपालको जनसंख्या २ करोड ६४ लाख थियो।

## मन्त्री यादवको पुतला दहन

**राजबिराज**/भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवको राजबिराजमा पुतला दहन गरिएको छ। जनमत पार्टी सप्तरीले मन्त्री यादवको पुतला दहन गरेको हो।

राजबिराजस्थित जनआन्दोलन चौकमा जनमत पार्टीका नेता कार्यकर्ताहरुले आफ्ना पार्टीका अध्यक्ष डा. सिके राउतलाई मन्त्री यादवले ज्यान मार्ने धम्की दिएको भन्दै पुतला दहन गरेका बताएका छन्।

जनमत पार्टीका जिल्ला सचिव थानेश्वर साहले गत माघ ५ गते बलिदानी दिवसको अवसरमा रौतहटमा आयोजित कार्यक्रममा मन्त्री यादवले आफ्ना पार्टीका अध्यक्ष डा. राउतलाई गौर घटनाको स्मरण गराउँदै ज्यान मार्ने धम्की दिएको बिरोधमा पुतला दहन गरेको जानकारी दिए।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### छुवाछुत प्रथा उन्मुलन गर्न मानसिकतामा परिवर्तन आवश्यक

जातजाती, धर्म, धनी, गरिबलगायतको बहानामा कायमै रहेको छुवाछुत प्रथालाई उन्मुलन गर्नु आवश्यक छ । नेपालमा अहिले पनि छुवाछुत प्रथा यसमै आधारित रहेको कुरामा दुईमत छैन् । सरकारले कुनै पनि बहानामा छुवाछुत प्रथालाई  प्रसय दिनेलाई कारवाही गर्ने उल्लेख गरे पनि कानुनको पाटो फितलो रहेको छ। यस्तो व्यवहारले अझै प्रसय पाइरहेको देखिन्छ ।

समाजका केही व्यक्तिहरुले आफ्नो स्वार्थपूर्तीका लागि बनाएको कपोकल्पित, परम्परागत खोक्रो प्रथाले हालसम्म प्रसय पाइरहेको छ । पुरुष र महिला दुई जात मात्र रहेको यस संसारमा दुबैको रगत एउटै रहेकोले सर्वविधितै रहेको छ । यसरी कुनै पनि वहानामा कुनै पनि मानिसलाई छुवाछुतको बहानामा अवहेलित गर्नु कानुन विपरीत हो । यस्ता परम्पराप्रति मानसिकताबाट हटाउनु जरुरी रहेको छ ।

संसार अहिले २१ औं सताब्दीमा रहेको बेला कोही मानिस ठूलो र सानो हुँदैनन् । सबै बराबरी छन् । तसर्थ यस्ता खोक्रो परम्परालाई समाजमा बस्ने सबै वर्ग, तह तप्का, जातजातीका मानिसले मानसिकताबाट हटाउन सकेमात्र छुवाछुत प्रथाको उन्मूलन हुने कुरामा दुईमत नहोला ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८


# न्युट्रास्युटिकल्स औषधिहरु किन स्वदेशी उद्योगले बनाउन नपाउने ?



**शरदचन्द्र ओझा**

न्युट्रास्युटीकल्स भन्नेबित्तिकै कार्यात्मक खाना (Functional Food) हो भनेर बुझ्नुपर्दछ । अर्को अर्थमा बुझ्ने हो भने यो खाना, खाद्यपुरक र आहारपुरक बस्तुहरु तथा पेयपदार्थ तथा अन्य धेरै यस्ता बस्तुहरु हुन् भनेर बुझ्नुपर्दछ । कोभिड महामारीको मध्य समय २०२० सम्म न्युट्रास्युट्रीकल प्रडक्टको विश्व बजार युएस डलर २७८.८ अर्बसम्म पुगेको थियो । जुन २०२६ सम्म ४४१.७ अर्बसम्म पुग्ने सम्भावना छ । न्युट्रास्युटिकल्सको बजारलाई अझै परिस्कृत गरेर हेर्दा यसभित्र पेयपदार्थ, शक्तिदिने पेयपदार्थ, अनाज, कन्फेक्सनरी, विभिन्न खाजाहरु, खेलाडीको लागि तथा अन्य विभिन्न किसिमका जुसहरु, आहारबाट लिने पुरक पदार्थहरु जस्तै भिटामिन-मिनरल, वनस्पतीय खाद्यपदार्थ, एन्जाईमफ्याट्टी एसिड र प्रोटिनहरु पर्दछन् ।

आजको यस आलेख मार्फत खाद्यमार्फत ग्रहण गर्न सकिने आहारपुरक तत्वहरुको विशेष चर्चा गर्न खोजिएको छ । डायटरीसप्लीमेन्टको बजारीकरणको लागि उत्पादक, सुपरवितरक, क्षेत्रीय वितरक, डिपार्टमेन्ट स्टोरहरु, सुपरमार्केट, हाईपरमार्केट, किराना पसलहरु, औषधि पसल, अनलाईन वितरकहरुलाई प्रयोग गरेको देखिन्छ । यसबाहेक कहीँकतै अनलाईन ग्राहक बनाएर घरैसम्म वितरण गरेको पनि देखिन्छ ।

विश्वको न्युट्रास्युटिकल्स बजार सधैं उत्पादक मुलक रुपमा वृद्धि भईरहने जानकारहरु बताउँछन् । शरीरको प्रतिरक्षा क्षमता बढाउन मदत गर्ने हुनाले कोभिडको जस्तो महामारीको अवस्थामा यस्ता डायटरी पदार्थहरुको माग ह्वात्तै बढेको देखिन्छ । त्यसो त अन्यरोगमा पनि त्यतिकै प्रतिरक्षा क्षमताको आवश्यकता हुने हुनाले बजार अत्यन्त ठुलो रहेको र हाम्रो देशमा पनि यसको बिक्रीवितरण सहज रुपमै भईरहेको देखिन्छ ।

विश्वमा नै न्युट्रास्युटिकल्सको बजार बिस्तारको महत्वपुर्ण कारक तत्वहरुमध्ये यस्ता औषधिहरुको सहजै भण्डारण सुविधा उपलब्ध हुनु, विभिन्न भिटामिन-मिनरलहरु मिश्रण भएका औषधि एउटै चक्कीमा प्राप्त हुनु, ग्राहकहरुको पनि यसतर्फ जागरुकता बढेर जानु, जानकारीहरु प्रयाप्त मात्रामा प्राप्त हुनसक्नु तथा सचारमाध्यमहरुले पनि यस्ता प्रतिरोधात्मक बैकल्पिक उपचारहरुको बारेमा प्रचारप्रसार गर्नु, भारत जस्तो मुलुकमा सरकारले पनि यसका उपादेयताहरु प्रसारित गर्नु ईत्यादीलाई लिन सकिन्छ । चिकित्सकिय लाभहरु प्राप्त गर्न सकिने औषधिकोरुपमा विभिन्न न्युट्रास्युटिकल्स उत्पादहरु रहेकोले यसलाई सबैले स्विकार गरेको जस्तो पनि देखिन्छ ।

चिकित्सकहरुको पुर्जामा पनि विभिन्न भिटामिन-मिनरलको मिश्रण रहेको यस्ता औषधिहरुले गणनायोग्य नै स्थान हासिल गरिसकेको देखिन्छ । डायटरी न्युट्रास्युटिकल्स (Dietary Supplements) औषधिहरुमा एन्टीअक्सिडेन्ट, प्रोबायोटिक, प्रोटिन तथा पोलीसेचुरेटेड फ्याट्टी एसिडहरु हुने भएकोले र बिरामीले पनि सजिलै ग्रहण गर्नसक्ने भएकोले मोटोपन, मुटुसम्बन्धी रोगहरुमा, क्यान्सर, कोलेस्टेरोल, बाथरोग, मधुमेह, कपाल झर्ने रोग, छालासम्बन्धी रोगहरुमा समेत उपादेयता र प्रयोग गरिन्छ ।

त्यसैगरी न्युट्रास्युटिकल्स आहारपुरक भिटामिन-मिनरलबाहेक पनि एन्टीरिन्कल-हाईड्रेटिङ्गसिरम, ईन्टेन्सिभ अन्टीएजिङ्गसिरम, मिनोक्सिडिल, फिनेस्टिराईडको कपाल झार्न रोक्ने सेम्पु तथा झोल, छाला सम्बन्धी कैयौं क्रीम ओईन्टमेन्टहरु नेपालको बजारमा पनि उपलब्ध छन् । प्रयोगकर्ताहरुले निर्धक्क प्रयोग गरिरहेका पनि छन् । कैयौं औषधिहरु सम्पुर्णजसो भारत लगायत विभिन्न मुलुकहरुबाट नेपालमा आयात भईरहेका छन् । जस्को मुल्यलाई तुलनात्मकरुपले अध्ययन गरेर हेर्दा साधारण नेपाली जनमानसको पहुँचभन्दा माथिका धेरै महङ्गा पनि छन् ।

प्रश्न के आउँछ भने, यी बस्तुहरु नेपालमा उत्पादन हुन सक्छ कि सक्दैन ? यदि सक्छ भने किन भईरहेको छैन ? नेपालमा विश्वस्तरिय प्रविधीहरु आईसकेको छ भने के यस्ता आवश्यक औषधि क्रीमआईण्टमेन्ट नेपाली उद्योगहरु उत्पादन गर्न सक्षम छैनन ? यो प्रश्न जटिल छ। यसको उत्तर नेपाल सरकारको निति निर्देशनसँग गाँसिएको छ। नेपाल सरकारले एउटा यस्तो निति परिमार्जन गरिदिएको छ जसअनुसार यस्ता आवश्यक बस्तुहरुको उत्पादन गर्न मिल्दैन अनि आयात चाहिँ निर्धक्क गर्न सकिन्छ ।

यो सरकारको आफ्नै देशभित्र सञ्चालित उद्योगहरुप्रती नकरात्मक सोच हो । खाद्यपरिपुरक आहारपुरक डायटरीसप्लीमेन्ट तथा माथि उल्लेखित सम्पुर्णजसो औषधिहरु नेपालमा सहजै उत्पादन हुन सक्दछन् । तर स्वदेशी उद्योगहरुले यस्ता औषधि उत्पादनलाई लाइसेन्स प्राप्त गर्न सक्दैनन् । बिडम्बनाको कुरो के छ भने हाम्रै नेपाल सरकार न्युट्रास्युटिकल्स प्रडक्टहरु बिदेशबाट सजिलै आयात गर्न अनुमति दिन्छ भने त्यसकै स्वदेशी उत्पादनलाई मान्यता दिन खोज्दैन ।

नेपालका औषधि उद्योगहरुले विश्वका प्रचलित गुणस्तर मापदण्ड अबलम्वन गरेर औषधि उत्पादन गर्दछन् । मुखबाट खाने औषधिको गुणस्तर भन्नेबित्तिकै तोकिएको मात्रामा खानेबित्तिकै कति छिटो पाचनप्रणालीमा टुक्रीन्छ र शरीरको प्रणालीमा पुग्दछ त्यसलाई बुझिन्छ । त्यस्का साथसाथै औषधिमा हुनसक्ने अशुद्ध पदार्थको मात्रालाई पनि हेर्ने गरिन्छ । नेपालभित्र भिटामिन-मिनरल लगायत धेरैजसो क्रीमआईन्टमेन्ट मल्हमहरु उत्पादन भईरहेका छन् । तर एउटै औषधिमा धेरै प्रकारका भिटामिन-मिनरल प्रोटिन, फेट्टीएसिड मिलेका चक्की क्याप्सुलहरु नेपाल

*बाँकी तीन पृष्ठमा*


**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेबल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# उद्योग व्यवसायीको विकासका लागि नीजि क्षेत्रको पनि अहम भूमिका : मुख्यमन्त्री राउत

**राजविराज**/मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मुलुकको समृद्धि सँगसँगै उद्योग व्यवसायीको विकासका लागि नीजि क्षेत्रको पनि अहम भूमिका रहेको बताएका छन् ।

सप्तरी उद्योग बाणिज्य संघको नवनिर्बाचित पदाधिकारीहरुको पदस्थापन तथा सपथग्रहण समारोहमा बिहीबार राजविराजमा बोल्दै उनले उद्योग व्यवसायीको विकासका लागि लगानीमैत्री नीति र वातावरण आवश्यक रहेको उल्लेख गरे ।

प्रदेश सरकारको तर्फबाट नीजि क्षेत्रका उद्योगि व्यवसायीको आकर्षणका लागि लिजमा जग्गा उपलब्ध गराउने विषय ऐनमा समावेश गरिने बताउदै उनले स्थापना भएका उद्योग क्षेत्रलाई "नो स्ट्राइक जोन" घोषणाका साथै सुरक्षा व्यवस्थाका र विद्युतमा सहुलियत दिने कुरा ऐनमा समावेश गरिने उल्लेख गरे ।

कार्यक्रममा मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले आगामी दिनमा प्रदेश सरकारद्वारा स्वदेशमै आर्गेनिक मलको उत्पादन गर्ने तयारी समेत अघि बढेको जानकारी दिए । उनले उत्पादित मल किसानलाई ५० देखी ७५ प्रतिशतसम्म अनुदानमा उपलब्ध गराउने प्रतिबद्धता समेत जनाए ।

निजि क्षेत्रलाई प्रोत्साहन गर्न प्रदेश सरकारले छिट्टै लगानी मैत्री सम्मेलनको आयोजना गर्न लागेको जानकारी दिँदै अर्थमन्त्री साहले त्यसबाट प्रदेशमा उद्योग व्यवसायलाई फस्टाउने विभिन्न योजना तयार गरिने बताए ।

निवर्तमान अध्यक्ष अरुण प्रधान र नवनिर्वाचित अध्यक्ष लालु प्रसाद अग्रवालको पालैपालो अध्यक्षमा आयोजित समारोहमा उद्योग बाणिज्य संघका केन्द्रिय सदस्य गजेन्द्र भगत, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली, उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष मनोज मुन्धडा, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, झापाका उद्योगि मोहन मित्तल, जसपा सप्तरीका अध्यक्ष केदार यादव लगायतले पनि शुभकामना दिँदै उद्योगि व्यवसायीहरुले भोग्नु परिरहेको समस्या र तीनको समाधान बारे आ-आफ्नो सुझाव दिएका थिए ।

## मधेश प्रदेशको निर्माण एक उदाहरणिय कार्य : अर्थमन्त्री साह

**राजविराज**/मधेश प्रदेशका अर्थमन्त्री एवं प्रवक्ता समेत रहेका शैलेन्द्र प्रसाद साहले मधेश प्रदेशको निर्माण एक उदाहरणिय कार्य भएको बताएका छन् । उनले मधेश प्रदेश मुलुकमा पहिचानमा आधारित एक मात्र प्रदेश रहेको समेत बताए ।

सप्तरीको रुपनी गाउँपालिका १ स्थित नवनिर्मित पण्डित रामकुमार शास्त्री गौं सेवा आश्रमको उद्घाटन गर्दै उनले आठ जिल्ला समेटेर बनेको यस्तो प्रदेश निर्माण अन्यत्रका लागि पनि अनुकरणिय रहने उल्लेख गरे ।

मन्त्री साहले मधेश प्रदेशमा बाँकी जिल्लालाई पनि ल्याउने अभियान जारि रहने बताउँदै प्रदेशको सिमांकनको सवालमा पार्टीले आगामी दिनमा पनि संघर्ष जारि राख्ने उद्घोष समेत गरे ।

पण्डित रामकुमार शास्त्रीद्वारा स्थापित गौशाला संचालनका लागि प्रदेश सरकारले २९ लाख ५० हजार तथा ६ लाख शास्त्री स्वमले व्यवस्था गरि संचालनमा ल्याएका हुन् । गौशालामा हाल ५१ वटा गाई रहेका छन् ।

गौशाला आश्रम निर्माण समितिका संयोजक समेत रहेका पण्डित शास्त्रीको अध्यक्षतामा आयोजित कार्यक्रममा रुपनी गाउँपालिका अध्यक्ष हरेराम यादव, मधेश प्रदेश आमसंचार प्रतिष्ठानका अध्यक्ष श्यामसुन्दर यादव, प्रेस काउन्सीलका पूर्व सदस्य मुरली प्रसाद यादव, पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोजकुमार माझी, समाजसेवी हरेकृष्ण प्रसाद सिंह, पूर्व जनस्वास्थ्य निरिक्षक भागवत प्रसाद यादवले पनि शुभकामना दिँदै गौं संरक्षणमा जोड दिए ।

## न्युट्रास्युटिकल्स...

सरकारको स्वास्थ मन्त्रालय अन्तर्गत औषधि व्यवस्था विभागबाट उत्पादन अनुमती नपाउने व्यवस्था छ ।

तर तिनै मिश्रणहरु कृषी तथा पशुपन्छी बिकास मन्त्रालय अन्तर्गत खाद्य प्रविधी तथा गुण नियन्त्रण विभागबाट स्विकृती लिएर भारत लगायत अन्य देशहरुबाट सहजै आयत गर्न पाईन्छ । मनन गर्नुपर्ने कुरो के पनि छ भने, देशभित्र ठुलाठुला लगानी गरेर खुलेका झण्डै १०० को हाराहारीमा पुग्न लागेका विश्वस्वास्थ्य सगठनको निर्देशन अनुसारको मापदण्ड पुरा गरेका स्वदेशी उद्योगहरुले उत्पादन गर्न नपाउने तर विदेशीले यही भुमिलाई आफ्नो आधार बनाएर बजारीकरण सहजै गर्न पाउने ?

के यो आश्चर्यलाग्दो तर्क होईन? हामी कस्तो नियम कानुन बनाउछौं ? जस्ले कसैलाई काखा अनि कसैलाई पाखा लगाउँछ । नेपाल सरकारको औषधि व्यवस्था विभागले भिटामिन र अन्य मिनरल ईत्यादीको समिश्रण एउटै क्याप्सुल अथवा ट्याब्लेटमा एउटा निश्चितमात्रा भित्र हुनुपर्दछ भन्ने परिपत्र जारी गरेको छ । त्यसभन्दा बढी भएमा स्विकृती नपाइने व्यवस्था गरेको छ। उता खाद्य प्रविधी तथा गुण नियन्त्रण विभागबाट त्यसैको बिपरित आयात प्रमाणपत्र दिने व्यवस्था रहेको छ ।

१० अर्बभन्दा बढीको यस न्युट्रास्युटिकल्स बजारमा आयातकर्ताले विदेशबाट आयात गर्न पाउने औषधिकोरुपमा पुर्जा पनि उपलब्ध हुने पसलमा विक्रीवितरण पनि हुने तर स्वदेशी उद्योगहरुले भने उत्पादन गर्न नमिल्ने कस्तो व्यवस्था बनायौं त हामीले ? २०७४ सालमा गगन थापा स्वास्थमन्त्री भएको बेला प्रविधिजन्य स्वास्थ सामग्री सम्बन्धी स्वास्थ्य निर्देशिका पनि जारी भएको र त्यसमा न्युट्रास्युटिकल्स औषधि व्यवस्था विभागले हेर्ने भनेर प्रष्ट लेखिएको पनि रहेछ । तर कार्यान्वयन पक्षमा यो नभएको देखिएको छ ।

यसरी सम्पुर्णतवरले विश्लेषण गरेर हेर्दा, यसरी हुन्छ त औद्योगिक बिकास ? यसरी भन्न मिल्छ त हामी उद्योगमैत्री राष्ट्रको निर्माण गर्न चाहन्छौं ? यसरी हुन्छ त रोजगारमा वृद्धि ? यसरी सम्भव छ त निर्यातको सार्थक आधार ? प्रश्नको उत्तर जटिल छ । स्वदेशी उद्योगहरुले यस्ता डायटरीसप्लीमेन्ट र मल्हम तेलहरुको उत्पादन गर्न पाउनुपर्छ भनेर सरकारसँग बारम्बार अनुरोध नगरेका पनि होईनन् तर ऐन कानुन तथा यस्तै आधारभुत रोकावटहरुले गर्दा स्वदेशी उद्योगहरुले उत्पादन गर्न अँझै पाएका छैनन। तर दशकयता यस्ता प्रडक्टहरु विदेशी भुमिबाट उत्पादन भएर नेपालभित्र आउनेक्रम भने बढेर गएको छ । यस किसिमको अपारदर्शी नियमकानुनको भुमरी हटाउन नेपाल सरकारले आफ्नो ध्यान दिनुपर्छ। र, आफ्ना स्वदेशी उद्योगले पनि न्युट्रास्युटीकल्स प्रडक्टहरु उत्पादन गर्न पाउने निति नियमको तर्जुमा गर्नुपर्दछ ।


(1) Glucosamine, Chondroitin & MSM 120 Tablets– Rs. 4000/-
(2) Bulking Agents - Microcrystalline Cellulose, Calcium Phosphates, Zinc Gluconate, Anti–Caking Agents -Magnesium salts of fatty acids_Essential Zinc 100 Tablets Bottle – Rs. 1550 /-
(3) SUPER CALCIUM ± VITAMIN D240 CHEWABLE TABLET-S in a bottle– Rs=3800/-
(4) Vitamin C 500mg, Vitamin D3 1000i=u, Zinc 25mg30 Tablet-S in a Box– Rs=600 /-
(5) FINASTERIDE 0=1Ü±MINOXIDIL 5Ü60ml in 1 bottle – Rs. 1100/-
(6) Minoxidil, Procapil, Planoxia, Anagain, Aqua SF 01, Propylene Glycol, Glycerin, IPA, EDTA, Tween–20, Triethanolamine, Water and Fragrance, 60ml – Rs. 1550/-
(7) Calcium carbonate 125mg, Magnesium Hydroxide eq. Elemental Magnesium 90 mg, Zinc Sulphate Monohydrate 4mg, Vitamin D3 200 IU30 tab – Rs.900/-
(8) Calcium Citrate & Vitamin D, 250 tabs – Rs. 5000/-
(9) Vitamin A, Vitamin C, Vitamin D, Vitamin E, Vitamin B–6, Folic Acid, Vitamin B–12, Biotin, Pantothenic Acid, Iodine, Zinc, Choline, Inositol, as the active vitamins and minerals, for 60 – Rs. 3800/-
(10) Fish Oil 500mg ± Eicosapentaenoic Acid 180 mg ± eocosahexaenoic Acid 120 mg ± Vitamin E 10 mg, 100 Capsule-S_ in a Bottle – Rs. 900/- (11) Fish Oil Softgel 200 caps – Rs. 4300/-
(12) Vitamins minerals combination 10 tab – Rs. 200/-

यी र यस्ता कतिपय औषधिहरु छन्, जुन नेपालमा पनि उत्पादन हुन सक्दछन् । तर त्यसका लागि सरकारी अनुमति आवश्यक हुन्छ । यस्ता न्युट्रास्युटीकल्स प्रडक्टहरु स्वदेशमा उत्पादन हुनसके उपभोक्ताले गुणस्तरिय र सस्तो सुलभरुपमा प्राप्त गर्न पनि सक्ने थिए । डायटरीसप्लीमेन्ट बजारमा नेपालको प्रस्तुती देखाउन र यस्ता औषधिहरुको निर्यातको पनि सम्भावना रहेकोले यसतर्फ ध्यान पुर्याउनु आवश्यक छ । साथै आयातलाई पनि निरुत्साहित गर्दै स्वस्थ प्रतिस्पर्धाको रुपमा स्वदेशी उद्योगलाई पनि न्युट्रास्युटीकल्स प्रडक्टहरु उत्पादन अनुमति दिनु जायज हुन्थ्यो कि ? (ओझा आईडियल फर्मास्युटिकल्स कम्पनीका कार्यकारी निर्देशक हुन) स्वास्थ्य खबरबाट





छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी

# निर्वाचन बाहेकका सबै विकल्प गैरसंवैधानिक



राजेन्द्रप्रसाद प्याकुरेल

विगत केही समयदेखि स्थानीय तहको निर्वाचनका सम्बन्धमा गरमागरम बहस चलिरहेको छ तर लोकतान्त्रिक व्यवस्थाको आत्माको रुपमा रहेको आवधिक निर्वाचन हाललाई 'टार्ने' सन्देश सरकारले दिइसकेको छ ।

संविधान र कानुनका स-साना छिद्रहरूको सहायतामा सत्तानजिक रहेका केही संविधानविद् एवं कानुनविद्हरूले सत्ताले चाहेअनुसारको सुझाव दिएसँगै सरकार विद्यमान कानुन नै संशोधन गर्ने निष्कर्षमा पुगेको देखिन्छ ।

निर्वाचन आयोगले त तोकिएको समयमा निर्वाचन नभए स्थानीय सरकार सञ्चालनमा संवैधानिक संकट आउने भनेर दलहरूलाई सचेत नै गराएको छ र छिटोभन्दा छिटो निर्वाचन मिति घोषणा गर्न सरकारको ध्यानाकर्षण गराइरहेको छ । सरकारलाई तत्काल स्थानीय तह निर्वाचन गर्न जति सहज छ- निर्वाचन 'सार्न' वा 'टार्न' त्यति सहज छैन । एउटा कानुनको दुई/चारवटा दफा संशोधन गर्दैमा स्थानीय तहमा आउन सक्ने संवैधानिक संकट टर्दैन ।

**कानुन शंसोधनले मात्र निकास दिँदैन**

सत्तापक्ष संविधानको धारा २२५ सँग स्थानीय तहको निर्वाचन ऐन, २०७३ को दफा ३ बाझिएकाले उक्त दफालाई संशोधन गर्ने र धारा २२५ ले भनेजस्तै स्थानीय तहको निर्वाचन ६ महिनापछि गर्ने निष्कर्षमा पुगेको छ । कानुनको यसै दफालाई संशोधन गरेर तेस्रो चरण (२०७४ असोज २) मा भएको निर्वाचनलाई आधार मान्दै अर्को ६ महिनापछि अर्थात् २०७९ को अन्तिमतिर मात्र निर्वाचन गर्ने मुडमा सरकार रहेको देखिन्छ ।

संविधानतः तीन तह (संघ, प्रदेश र स्थानीय)कै कार्यकारिणी निकाय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित निकाय हुन् । स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहीत रहनेछ ( धारा २१४ को उपधारा १) । गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुनेछ र यसरी हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानुनबमोजिम हुनेछ (सोही धाराको उपधारा ४ र ५) ।

यसरी धारा २१४ लाई समग्रमा बुझ्दा निर्वाचित जनप्रतिनिधि बाहेकको स्थानीय तहमा कार्यपालिकाको कल्पना नै गर्दैन । कुनै पनि नयाँ संघीय ऐन वा विद्यमान संघीय ऐनको संशोधनले मात्र स्थानीय कार्यपालिकासम्बन्धी यो संवैधानिक व्यवस्थालाई संशोधन गर्नै सक्दैन । अर्थात् स्थानीय तहअन्तर्गतको कार्यपालिकाको यो अधिकार कर्मचारी संयन्त्र वा अन्य कुनै व्यवस्थाले पनि प्रयोग गर्न सक्दैन ।

**साउन १ गतेदेखी १ रुँपैया पनि राजश्व उठाउन वा खर्च गर्न पाइदैन**

संविधानको भाग १९ स्थानीय तहको आर्थिक कार्यप्रणालीसम्बन्धी व्यवस्था हो । कानुनबमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, कर उठाउन र ऋण लिन पाइने छैन (धारा २२८) । यसको स्पष्ट व्यवस्था भनेको गाउँ सभा/नगर सभाले एक आर्थिक वर्षका लागि आर्थिक ऐनमार्फत स्थानीय करसम्बन्धी कानुन जारी गर्दछ र उक्त ऐनको म्याद असार मसान्तसम्म सकिन्छ । अर्को आर्थिक वर्षको सुरु (साउन १ गते)बाट कर लगाउन र उठाउन वा ऋण लिन सभाले अर्को आर्थिक ऐन जारी गरिसकेको हुनुपर्दछ । यदि सरकारले भनेजस्तै जनप्रतिनिधिविहीन स्थानीय तह बनाउन लागेको हो भने आगामी २०७८ साउन १ गतेबाट ६ वटा प्रदेश (मधेस प्रदेश बाहेक)का स्थानीय सरकारहरूले १ रुपैयाँ पनि कर संकलन गर्न पाउने छैनन् ।

त्यसैगरी सबै ७ सय ५३ स्थानीय सरकारको बेग्लाबेग्लै स्थानीय सञ्चित कोष रहनेछ । यस कोषबाट गर्न सकिने खर्चसम्बन्धी व्यवस्था स्थानीय कानुनबमोजिम हुनेछ (धारा २२९) । स्थानीय सभाले विनियोजन ऐनमार्फत् सञ्चित कोषबाट खर्च गर्ने अधिकार कार्यपालिकालाई दिन्छ । विनियोजन ऐन बनाउन सभा नै आवश्यक छ । सभा नै नरहेपछि आगामी साउन १ गतेबाट ६ वटा प्रदेशका स्थानीय तहमा १ रुपैयाँ पनि खर्च गर्न मिल्दैन ।

त्यसैगरी धारा २३० मा गाउँपालिका र नगरपालिकामा राजस्व र व्ययको अनुमान यस संविधानको अधीनमा रही स्थानीय कानुनबमोजिम सम्बन्धित सभामा पेश गरी पारित गराउनुपर्दछ । संघ र प्रदेश सरकारलाई जस्तो स्थानीय सरकारलाई अध्यादेशबाट बजेट ल्याउन वा पेस्की बजेट खर्च गर्न पाउने सुविधा छैन । सभाको नियमित बैठकबाट नै बजेट पारित गर्नुपर्दछ । त्यसैले त स्थानीय सरकारलाई संघ र प्रदेश सरकारभन्दा विशिष्ट प्रकृति मानिएको छ ।

स्थानीय सभामा रहेको यो संवैधानिक अधिकार संघीय सरकारले कसरी खारेज गर्न सक्दछ ? तसर्थ संविधानको धारा २२८, २२९ र २३० लाई संघीय सरकारले विद्यमान कुनै कानुन संशोधन वा नयाँ कानुन ल्याएर वैकल्पिक व्यवस्था गर्न सक्दैन- संविधान नै संशोधन गर्नुपर्दछ ।

**स्थानिय सरकार स्थायी सरकार हो**

राज्यको मूल संरचना तीन तहमा विभाजित छ । संघ र प्रदेश तहका सभा (प्रतिनिधि सभा र प्रदेश सभा)हरू स्थायी होइनन्, अर्थात् यी सभाका कार्यकाल पाँच वर्षको भए पनि बिचमै विघटन हुन सक्छन् । संसद्ले प्रधानमन्त्री/मुख्यमन्त्री निर्वाचित गर्दछ । प्रधानमन्त्री/मुख्यमन्त्रीले संसद्को विश्वास जित्न नसके स्वतः पदमुक्त हुन्छन् अर्थात् सरकार विघटन भई संसद्ले पुनः नयाँ प्रधानमन्त्री/मुख्यमन्त्रीको निर्वाचन गर्दछ । तर, स्थानीय सभा र कार्यपालिका पाँच वर्षका स्थायी संयन्त्र हुन् । स्थानीय कार्यपालिका प्रत्यक्ष निर्वाचित संस्था हो । स्थानीय सभालाई कार्यपालिका विघटन गर्ने अधिकार छैन र कार्यपालिका प्रमुखले सभाबाट विश्वासको मत लिनु पनि पर्दैन ।

संविधान र स्थानीय तहको निर्वाचन ऐन, २०७३ ले स्थानीय सभा र कार्यपालिकालाई अविछिन्न बनाइराख्ने व्यवस्था गरेको छ । गाउँ सभा वा नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा अगाडि निर्वाचन भएकोमा निर्वाचन हुँदा कायम रहेका सदस्यको कार्यकाल समाप्त भएको भोलिपल्टको मितिमा नयाँ निर्वाचित सदस्य निर्वाचित भएको मानिनेछ (ऐनको दफा ५५) । यसले के देखाउछ भने स्थानीय तह एक दिन पनि जनप्रतिनिधिविहीन हुने छैनन् ।

यदि समयमा नै निर्वाचन भएन भने संवैधानिक संकट आउने छ- जसले गर्दा वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने, स्थानीय सञ्चित कोष व्यवस्थापन, बजेट खर्चको अख्तियारी दिने, कानुन निर्माण प्रक्रिया, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणाली नै अवरुद्ध हुनेछ । त्यसैगरी अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षले गर्दै आइरहेका सिफारिस र अन्य कार्यहरू नहुँदा सेवा प्रवाह पनि अवरुद्ध हुनेछ । यी पदाधिकारीहरूले प्रदान गरिरहेका सेवाहरूको वैकल्पिक व्यवस्था गर्न संवैधानिक र कानुनी रुपमा उत्तिकै जटिल रहेको छ ।

**स्थानिय तह संघका निकाय होइन**

स्थानीय तह संघीय तहको निकाय होइन । राज्यका मूल संरचना तीन तहका हुनेछन् । यी तीनवटै तह कोही कसैको मातहतका निकाय होइनन् र कोही कसैको अधीनमा नभई संविधानको अधीनमा र संविधानकै मातहतका संरचना हुन् । संविधानप्रदत्त अधिकार प्रयोग गर्न तीन तहकै सरकारहरू स्वायत्त छन् । एकीकृत राज्य संरचना हुँदा साविकका गाउँपालिका तथा नगरपालिकाहरू नेपाल सरकारका निकाय थिए । राज्य सञ्चालनको केन्द्र भागमा रहनेहरूमा केन्द्रीकृत मानसिकता रहने हुनाले तल्लो तहमा रहेको स्थानीय तहलाई निकायको रुपमा नियन्त्रण गर्न प्रयास गर्नु भनेको संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा तगारो हाल्नु हो ।

संघीय सरकारको स्थानीय सरकारप्रतिको मुख्य दायित्व भनेको आवधिक निर्वाचन गरेर स्थानीय सरकारलाई अविच्छिन्न बनाइराख्नु हो । अन्य व्यवस्था त संविधानले कल्पना गरेकै छ । संघीय सरकार यही मुख्य दायित्वबाट पनि भाग्न खोज्नु राम्रो संकेत होइन ।

**पहिलो विकल्प - निर्वाचन**

उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्थाका कारण वर्तमान सरकारलाई आगामी वैशाख-जेठमा स्थानीय तहको निर्वाचन गर्नुको विकल्प छैन । आवधिक निर्वाचन नागरिकको अधिकार पनि हो । स्थानीय सरकारका वर्तमान जनप्रतिनिधिहरूको छाता संगठनहरूले पनि संयुक्त विज्ञप्तिमार्फत तत्काल निर्वाचनको मिति घोषणा गर्न नेपाल सरकार, निर्वाचन आयोग र राजनीतिक दलको ध्यानाकर्षण गराइसकेका छन् ।

उनीहरूले भनेका छन्- 'स्थानीय सरकारका हामी सबै जनप्रतिनिधिहरू समयमा नै आवधिक निर्वाचन सम्पन्न होस् र एक दिन पनि स्थानीय सरकार जनप्रतिनिधिविहीन नहोस् भन्ने चाहन्छौं ।' संविधानविद् एवं कानुनविद्, नागरिक समाज, सञ्चारजगत आवधिक निर्वाचनलाई राजनीतिक दाउपेचको विषय नबनाउन सरकारको ध्यानकर्षण गराइरहेका छन् ।

**दोश्रो विकल्प - जनप्रतिनिधिको म्याद थप**

सरकार कुनै हालतमा तत्काल निर्वाचन गर्न चाहँदैन भने जनप्रतिनिधिको कार्यकाल ६ महिना थप गर्नुपर्दछ । फेरि प्रश्न उठ्न सक्छ कि म्याद थप गर्ने व्यवस्था संविधानमा कहाँ छ ? निर्वाचन बाहेक अब चालिने सबै विकल्पहरू संविधान र कानुनविपरीत हुनेछन् ।

स्थानीय तहलाई जनप्रतिनिधिविहीन बनाउन संविधानका भाग १७, १८ र १९ का धेरैजसो प्रावधान संशोधन गर्नुपर्दछ- जुन सम्भव नै छैन । विद्यमान संघीय कानुनहरू संशोधन गरेर वा नयाँ कानुन जारी गरेर उल्लिखित संवैधानिक प्रावधान परिवर्तन हुँदैन । त्यसैले स्थानीय तहको निर्वाचन ऐन, २०७३ को दफा ३ मा उपदफा ( २) थप गरी 'उपदफा (१) बमोजिम निर्वाचन हुन नसकेमा संविधानको धारा २२५ बमोजिम ६ महिनाभित्र निर्वाचन गर्नुपर्दछ; यसरी हुने निर्वाचनबाट आउने जनप्रतिनिधिहरुले पद वहाल नगरेसम्म साविकका जनप्रतिनिधिहरुले कामकाज गर्नेछन्' भन्ने व्यवस्था राखी संशोधन गर्नुपर्दछ ।

संविधानसम्मत हुनेगरी बरु म्याद थप गरिएका जनप्रतिनिधिहरूको अधिकारलाई कामचलाउमात्र हुनेगरी सीमित गर्न सकिन्छ । यसरी म्याद थप गरिएका जनप्रतिनिधिहरूलाई संविधानले पनि चिन्दछ र स्थानीय तहमा जनप्रतिनिधिको रिक्तता पनि हुँदैन ।

उल्लिखित दुईभन्दा बाहेक अर्को तेस्रो विकल्प हुनै सक्दैन । बजारमा हल्ला चलेजस्तो स्थानीय तहलाई पुनः कर्मचारीको जिम्मा लगाउने र सर्वदलीय संयन्त्रमार्फत सञ्चालन गर्ने सोच सरकार गठबन्धनले राखेको हो भने योभन्दा दुर्भाग्य संघीय लोकतान्त्रिक गणतन्त्रमा अरु हुन सक्दैन । दोस्रो विकल्प पनि रहर होइन- बाध्यता हो । एउटा गल्ती ढाकछोप गर्न अर्को सयवटा गल्ती गर्नु हुँदैन । संघीय संसद्को अहिलेको गतिविधि हेर्दा संसद्ले कानुनहरू सजिलै संशोधन गर्ने देखिँदैन । यस्तो परिस्थितिमा सरकारले अध्यादेशबाट नै कानुन संशोधन गर्नुपर्ने छ । स्थानीय तहमा संवैधानिक संकट नै आउनेगरी अध्यादेशबाट कानुन संशोधन गर्नु गैरलोकतान्त्रिक, गैरसंवैधानिक र प्रतिगामी कदम हुनेछ ।

साविकको सरकारलाई 'प्रतिगामी' करार गरेर आएको यो गठबन्धन सरकारले आवधिक निर्वाचन नगराएर वा स्थानीय तहलाई जनप्रतिनिधिविहीन बनाएर संवैधानिक संकट ल्याउने अवस्थामा पुर्‍यायो भने आम जनताले यो सरकारलाई कुन विशेषण लगाउलान् ? बेलैमा सचेत भएर कदम चाल्ने कि ! लेखक : गाउँपालिका राष्ट्रिय महासंघ नेपालका कार्यकारी निर्देशक हुन् । -*इकान्तिपुरबाट*

## जेसीजको पदस्थापना सम्पन्न

**राजविराज**/राजविराज जेसीजको ४७ औं पदस्थापन समारोहमा मंगलबार सम्पन्न भएको छ । सो अवसरमा नेपाल जेसीजका पूर्व अध्यक्ष गोबिन्दप्रसाद सिंहले राजविराज जेसीजको वेवसाइट क्लिक गरेर शुभारम्भ गरेका छन् ।

नयाँ कार्यसमितिको पद हस्तान्तरण तथा पदास्थापन कार्यक्रममा निर्वाचन संयोजक राजविराज जेसीज २०२० का अध्यक्ष पुनम पोखरेलले अध्यक्षमा राजेश मण्डल, कार्यकारी उपाध्यक्षहरुमा मनिष दास, पंकज देव तथा उपाध्यक्षहरुमा विक्रम कावरा, रवि राय, सुनित मुन्ना र सौरभ झा निर्विरोध निर्वाचित भए ।

राजविराज जेसीजका नवनिर्वाचित अध्यक्ष मण्डलले कार्यसमितिको कानुनी सल्लाहकारमा उज्जवल काबरा, महासचिवमा विप्लव आनन्द र कोषाध्यक्षमा रञ्जना चौधरी तथा सल्लाहकारमा मनोहर पोखरेल र सन्तोष सिन्हालाई मनोनयन गरेका छन् ।

राजविराज जेसीज २०२१ का अध्यक्ष सिद्धार्थ तातेडको अध्यक्षतामा भएको कार्यक्रममा राजविराज जेसीजका पूर्व अध्यक्ष मनोहर पोखरेल, अरुण प्रधान, कारी मण्डल, उमेश दाहाल, देबेन्द्र देवकोटा, अनन्त साह, मिलन सिंह, सन्तोष सिन्हा, कृष्णकुमार देव, संजय दास, सानीमा बैंक राजविराजका प्रबन्धक प्रसन्न गजुरेल, प्रधानाध्यापक गणेशकुमार दास, नेपाल रेडक्रस सोसाइटी सप्तरीका संजोग देवलगायत जेसीज सदस्यहरुको उपस्थिती रहेको थियो ।

## दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**राजविराज**/सप्तरीमा बुधबार बिहान ट्रकले ठक्कर दिँदा मोटरसाईकल चालकको मृत्यु भएको छ ।

जिल्लाको सप्तकोशी नगरपालिका नगरपालिका ४ बलारदहस्थित कंचनपुर-फत्तेपुर सडक खण्डमा मा सो दुर्घटना भएको हो ।

दुर्घटनामा परि सोही नगरपालिका वडा नं. १० बस्ने २८ वर्षिय लालदेव चौधरी चढेको स.१० प.४६३५ नम्बरको मोटरसाइकललाई ना.३ ख ९९३२ नम्बरको ट्रकले ठक्कर दिदा मोटरसाइकल चालक चौधरीको ज्यान गएको प्रहरीले जनाएको छ ।

ठक्करबाट चौधरीको घटनास्थलमै मृत्यु भएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए । ठक्कर दिने ट्रकलाई नियन्त्रणमा लिई फरार चालकको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सिके राउतबिरुद्ध प्रदर्शन

**राजविराज**/जनता समाजवादी पार्टी नेपाल सप्तरीका कार्यकर्ताहरुले जनमत पार्टीका अध्यक्ष डा. सिके राउत बिरुद्ध सोमबार राजविराजमा प्रदर्शन गरेका छन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवमाथी जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले षड्यन्त्र गरेको भन्दै उनीहरु प्रदर्शन गरेका हुन्।

मन्त्री यादवको समर्थनमा प्रदेश महिला संघ र समाजवादी महिला संघ सप्तरीको अगुवाईमा स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको जुलुस डा. राउत बिरुद्ध नाराबाजी गर्दैं बजार क्षेत्र परिक्रममा गरेको थियो।

सो क्रममा सहभागिहरुले महिलामाथीको अभद्र व्यवहार बन्द गर, दोषिमाथी कारवाही गर्न माग गर्दै नाराबाजीका साथ जुलुस जनआन्दोलन चौकमा पुगि बिरोध सभामा परिणत भएको थियो।

सभालाई प्रदेश सभा सदस्य अभिषेक यादव, जसपा महिला विभागकी सचिव लक्ष्मी चौधरी, समाजवादी महिला संघकी जिल्ला सचिव राखी यादव, हनुमाननगर कंकालिनी नगरपालिकाकी उपप्रमुख सरिता यादव, जसपा नेता लक्ष्मण यादव लगायतले सम्बोधन गर्दै किसान आन्दोलनका नाममा अराजक गतिविधि गर्न लागेको भन्दै त्यस्ता गतिविधी नियन्त्रण गर्नुपर्नेमा बताए।

यसअघि गत आइतबार जनमत पार्टीका कार्यकर्ताहरुले मन्त्री यादवको पुतला दहन गर्दै उनको बर्खास्तीको माग गरेका छन्। माघ ५ गते बलिदानी दिवस मनाउन गौर पुगेकी मन्त्री यादवले सार्वजनिक सभाबाटै जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई ज्यान मार्ने धम्की दिएको अभिव्यक्ति बिरुद्ध मन्त्री यादवको पुतला दहन गरेका थिए।

# सवारी दुर्घटनामा २ सय ५२ पुरुष र ४७ महिलागरि २ सय ९२ जनाले ज्यान गुमाए

**राजविराज**/मधेश प्रदेशमा विभिन्न सवारी दुर्घटनामा २ सय ५२ पुरुष र ४७ महिलागरि २ सय ९२ जनाले ज्यान गुमाएका छन्।

मधेश प्रहरी प्रहरी कार्यालयले सार्वजनिक गरेको तथ्याङ्मा चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखी हालसम्मको अवधीमा भएका विभिन्न घटनाहरुको विवरण सार्वजनिक गरेको हो।

प्रतिवेदनमा ६ महिनाको अवधीमा मधेश प्रदेशका ८ वटै जिल्लामा लागुऔषधतर्फ गाँजा १ हजार ७ सय ११ किलो, ब्राउन सुगर १ सय ३४ ग्राम, चरेस ४६ किलो र हिरोइन ८३ ग्राम, डाइलेक्स डिसि ९० लिटर, विभिन्न ट्याबलेट ४० हजार ७ सय २८ पिस र इन्जेक्सन २२ हजार ४ सय ४६ पिस बरामद गरिएको जनाएको छ। यस अवधीमा लागुऔषधतर्फ ११ महिलासहित ६ सय ५ जना र भन्सार छलि अपराधमा संलग्न १ सय ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

यस्तै हातहतियारतर्फ ३४ जना, काठ तस्करीतर्फ २२ जना र नदीजन्य अपराधतर्फ २३ जना पक्राउ परेका छन्। यसअवधीमा विभिन्न नाकाबाट भन्सार छलि ल्याइएका १८ करोड ८ लाख ५१ हजार १ सय ५६ रुँपैयाको अवैध सरसामान जफत गरिएको छ।

यस्तै नदीजन्य अपराधतर्फ जरिवाना वापत ११ लाख २६ हजार ८०, फरार प्रतिवादीतर्फ जरिवाना वापत ३ करोड ७९ लाख ६६ हजार ७ सय १४, काठ तस्करीतर्फ १७ लाख ९७ हजार ५ सय ७० रुँपैया राजश्व संकलन गरिएको मधेश प्रदेश प्रहरीद्वारा सार्वजनिक गरिएको तथ्याङ्ले देखाएको छ।

यस्तै कोभिड १९ नियन्त्रणतर्फ १ लाख ७७ हजार ५ सय ९३ थान मास्क बितरण गरिएको जनाइएको छ भने जरिवाना स्वरुप १४ लाख ६९ हजार ५ सय रुँपैया राजश्व असुल भएको जनाइएको छ भने ९ सय ५२ जना फरार अपराधी पनि पक्राउ परि ३ सय ६५ वर्ष २ महिना ३ दिन कैद बसुलका लागि कारागार चलान गरिएको प्रतिवेदनले देखाएको छ।

# मन्त्री यादवलाई बर्खास्त गरि गिरफ्तार गर्न माग

**राजविराज**/भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु कुमारी यादवलाई बर्खास्त गर्न माग गर्दै संविधान सभा सदस्य रन्जित कुमार कर्णले बिहीबार प्रधानमन्त्री कार्यालयलयाई ज्ञापन पत्र बुझाएका छन्।

गौर हत्याकाण्डको जिम्मा लिने गरि मन्त्री यादवले भाषणमा ज्यानै मार्ने धम्की समेत दिएकाले उनको मन्त्री पद खारेज गरि तुरन्तै गिरफ्तार गर्न उनले माग समेत गरे।

मन्त्री यादवले गत माघ ५ गते गौरमा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतको ज्यानै मार्ने आशयको अभिव्यक्ति दिएको भन्दै नेवि संघका पूर्व अध्यक्ष समेत रहेका संविधान सभा सदस्य कर्णले सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतममार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका हुन्।

डा. राउतको पार्टीले किसान आन्दोलनको नाममा गरेको गतिविधिप्रति लक्षित गरेर मन्त्री यादवले ज्यानसम्म मार्ने अभिव्यक्ति दिनु अन्तराष्ट्रिय मानवअधिकार सम्बन्धी मान्यताको खिल्ली उडाएको ज्ञापनपत्रमा उल्लेख छ।

२०६३ चैत ७ गते गौरमा तत्कालिन मधेशी जनअधिकार फोरमले नेकपा माओवादीका २७ जना कार्यकर्ताको विभत्स हत्या गरेकोलाई नियोजित नभई "भवितव्य" भन्दै आएका वर्तमान जसपाका अध्यक्ष उपेन्द्र यादवलाई गलत सावित गर्दै पुनः त्यस्ता घटना घटाउने र त्यसमा राउत मारिन सक्ने भन्ने मन्त्री यादवको अभिव्यक्ति आपराधिक भएको ज्ञापनपत्रमा जिकिर छ।




राजविराज नगर कार्यपालिकाको कार्यालय सप्तरी

## अन्तर्राष्ट्रिय समाचार

### पाकिस्तानको बलुचिस्तानमा बन्दुक आक्रमणमा परी चार जनाको मृत्यु

**पाकिस्तान**/बलुचिस्तानको राजधानी क्वेटाको सरयाब रोडमा कारमा भएको बन्दुक आक्रमणमा परी चार जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

क्वेटाको सरयाब रोडमा अज्ञात आक्रमणकारीले कारमा गोली चलाउँदा चार जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

बन्दुक आक्रमणको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरी अधिकारीले जानकारी दिएका छन्। मृत्यु हुनेमा बाबु र छोरा रहेका छन्।

यसअघि जनवरी २४मा पनि अज्ञात आक्रमणकारीले लाहोर प्रेस क्लब बाहिर हुसैन शाह नामका एक अपराध संवाददातालाई गोली हानी हत्या गरेका थिए। एजेन्सी

### भारतमा कोरोनाभाइरसबाट थप दुई लाख ३५ हजार संक्रमित

**नयाँदिल्ली**/भारतमा कोरोनाभाइरसबाट थप दुई लाख ३५ लाखभन्दा बढी संक्रमित भएका छन्।

सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ३५ हजार ५३२ जना संक्रमित भएका हुन।

सोही अवधिमा अरु ८७१को मृत्यु पनि भएको भारतको संघीय स्वास्थ्य मन्त्रालयले शनिबार जनाएको छ।
भारतमा पछिल्लो समय दैनिक संक्रमितको संख्यामा निरन्तर कमी आइरहेको छ। केही दिन दिन प्रतिदिन बढ्दै गएकोमा अहिले घट्दै आएको हो।

मन्त्रालयका अनुसार भारतमा अहिले संक्रमित अवस्थामा रहेकाको संख्या पनि घट्दै गइरहेको छ। सरकारी अधिकारीका अनुसार भारतमा शनिबार २० लाख चार हजार ३३३ जना सक्रिय संक्रमित रहेका छन्।

दैनिक नयाँ संक्रमितको संख्याभन्दा दैनिक संक्रमणमुक्त भएकाको संख्या धेरै भएकाले पनि अहिले सक्रिय संक्रमितहरुको संख्या घट्दै गएको हो।

भारतमा पछिल्लो २४ घण्टामा तीन लाख ३५ हजार ९३९ जना कोरोनाभाइरसबाट संक्रमणमुक्त भएका छन्। एउटै अवधिमा नयाँ संक्रमितको संख्याभन्दा संक्रमणमुक्त भएकाहरुको संख्या झण्डै एक लाख धेरै छ।

भारतमा पछिल्लो एक दिनमा १७ लाख ५९ हजार ४३४ जनाको कोरोना परीक्षण गरिएको थियो। अधिकारीका अनुसार भारतमा अहिलेसम्म कुल चार लाख ९३ हजार १९८को कोरोनाभाइरसका कारण मृत्यु भएको छ। एजेन्सी

### ब्राजिलमा दैनिक संक्रमितको संख्या साढे दुई लाखभन्दा बढी

**रियो दि जेनेरियो**/ब्राजिलमा कोरोनाभाइरसबाट दैनिक संक्रमितहरूको संख्या साढे दुई लाखभन्दा बढी पुगेको छ।

सरकारी अधिकारीहरूले शुक्रबार दिएको जानकारीअनुसार ब्राजिलमा पछिल्लो एक दिनमा दुई लाख ६९ हजार ९६८ जना नयाँ संक्रमित थपिएका छन्।

योसँगै ब्राजिलमा अहिलेसम्म कुल संक्रमितको संख्या दुई करोड ५० लाख ३४ हजार ८०६ पुगेको ब्राजिलको स्वास्थ्य मन्त्रलायले जनाएको छ।

ब्राजिलमा यसअघि एक दिनमा दुई लाख २८ हजार ९५४ नयाँ संक्रमित थपिएको विवरण सार्वजनिक गरिएको थियो।

मन्त्रालयका अनुसार कोरोनाभाइरसका कारण ब्राजिलमा अहिलेसम्म छ लाख २५ हजार ८८४ जनाको मृत्यु भएको छ। ती मध्ये ७९९को पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

कोरोनाभाइरसका कारण धेरै मृत्यु भएका देशमध्ये ब्राजिल दोस्रो क्रम संख्यामा पर्दछ।

ब्राजिलमा भन्दा धेरै विश्वमै सबैभन्दा धेरै अमेरिकामा मृत्यु भएको छ। तेस्रो धेरै मृत्यु भने भारतमा भएको देखिएको छ। एजेन्सी

# स्व. सिंहको स्मृती दिवस मनाइयो

**राजविराज**/स्व. गजेन्द्र नारायण सिंहको २० औं स्मृति दिवसको अवसरमा सोमबार राजविराजमा विभिन्न कार्यक्रम गरि मनाइएको छ।

मधेशवादका प्रणेताका रुपमा मानिएका स्व. सिंह मधेशी अधिकारका लागि संगठित अभियानको नेतृत्व गरेका थिए। नेता सिंहको राजनीतिक योगदानको स्मरण गर्दै स्मृति दिवस मनाइएको हो।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) तथा गजेन्द्र नारायण सिंह अध्ययन केन्द्र सप्तरीले शालिकमा माल्यार्पण, बिरामीलाई फलफुल बितरण तथा अन्तरक्रिया कार्यक्रम गरि स्मृति दिवस मनाएको छ।

सो अवसरमा गजेन्द्र नारायण सिंह अस्पताल हाताभित्र संचालित पोषण पुनर्स्थापना केन्द्रका बिरामीहरुलाई फलफुल बितरण, गजेन्द्र चौक र अन्य स्थानमा रहेको स्व. सिंहको शालिकमा माल्यार्पण तथा गजेन्द्र नारायण अध्ययन केन्द्रमा अन्तरक्रिया लगायतको कार्यक्रम आयोजना गरिएको छ।

गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रका संयोजक समेत रहेका जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा लोसपा नेता जयप्रकाश ठाकुर, शैलेश चौधरी, दिपेन्द्र चौधरी, अमरनाथ मण्डल, बिनोद सिंह, मनोज झा, राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, मधेशी निजामति कर्मचारी आधिकारिक ट्रेड युनियनका अध्यक्ष अजय झा, अध्ययन केन्द्रका सदस्य चन्द यादव लगायतले मधेश अधिकारका लागि संगठित अभियानको नेतृत्व गरेका स्व. सिंहको राजनीतिक योगदानको स्मरण गरेका थिए।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका घर भएका सिंहले २०४७ सालमा सद्भावना परिषद् हुँदै नेपाल सद्भावना पार्टीको गठन गरेका थिए।

# अधिकार प्राप्ति र पहिचानको लडाइ अझैं जारी छ

**राजविराज**/जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश अध्यक्ष रामबाबु कुमार यादवले स्वाविमान, अधिकार प्राप्ति र पहिचानको लडाइ अझैं जारी रहेको बताएका छन्।

राजविराजमा सोमबार आयोजित 'जसपा जिल्ला समन्वय सप्तरी सपथग्रहण कार्यक्रममा बोल्दै उनले अधिकार प्राप्ति र पहिचानको लडाइ जारी रहेको उल्लेख गर्दै त्यसमा विभिन्न पार्टी बाँधक रहेको आरोप समेत लगाए।

मधेशका जनताको अधिकार प्राप्तिदेखि राष्ट्रियताको सवालमा पार्टी अडिक रहेको भन्दै सो लडाइमा पार्टी सशक्त रुपमा लागेर अघि बढ्नुपर्ने पर्नेमा जोड दिए।

जसपा जिल्ला समन्वय सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका नगर प्रमुख शम्भुप्रसाद यादवले स्वागत मन्तव्य दिएका थिए।

# आठ वटा गाडीमा तोडफोड

**जनकपुर**/जनमत पार्टीका कार्यकर्ताहरुले बुधबार जनकपुरमा प्रदेशसभा सदस्य, मेयर, चिकित्सक तथा अन्य गाडीगरि ८ वटा सवारीसाधनमा तोडफोड गरेका छन्।

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागी मतदान गर्न जाने क्रममा उनीहरुले प्रदेशसभा सदस्य अशोक यादव, मनिष सुमन र नेत्रविक्रम साह चढेको गाडी तोडफोड गरेका हुन्।

जनमत पार्टीका कार्यकर्ताहरुले बुधबार बिहानैदेखि जनकपुरधामका बिभिन्न स्थानमा प्रदर्शन गर्दै आएका थिए। उनीहरु राष्ट्रिय सभा चुनावको मतदानस्थल प्रवेश गर्न खोज्दा प्रहरीले लाठीचार्ज र अश्रुग्यास प्रहार गरेको थियो।

जनमत पार्टीका कार्यकर्ताहरुले बुधबार बिहानै 'पहिले खाद देऊ, अनि भोट खसाऊ' भन्दै जनकपुरका बिभिन्न स्थानमा टायर बालेर प्रदर्शन गरेका थिए।

जनकपुरस्थित जानकी मन्दिर अगाडी जनमतका कार्यकर्ताहरुले प्रदेशसभा सदस्य चढेको गाडीमा अक्रमण गर्दा अशोक यादवको हातमा गम्भीर चोट लागेको छ।

यस्तै सर्लाहीको हरिवन नगरपालिकाका मेयर सवार गाडीमा समेत आक्रमण गरिएको छ। सो आक्रमणमा परेर मेयर गणेश प्रसाईं घाइते भएका छन्। प्रदर्शनकारीको आक्रमणबाट मेयर प्रसाईंको कन्चटनेर चोट लागेको छ।

गाडीमा मेयर गणेश प्रसाईं र उपमेयर रेनुका पौडेल थिए। उनीहरु राष्ट्रिय सभा निर्वाचनमा मत हाल्न जनकपुरधाम आउँदै थिए।

यसैगरि जनमत पार्टीका कार्यकर्ताहरुले जलेश्वर अस्पतालका निमित्त प्रमुख डा. सतिश साहको गाडीमा समेत तोडफोड गरेका छन्।

आन्दोलनकारीले लाठी प्रहार गर्दा डाक्टर साहको टाउँको र मुखमा गम्भीर चोट लागेको छ। उनको मुखमा ८ वटा टाँका लागेको छ।

मेसु प्रदेश २-०२-००१ झ ०१६३ नम्बरको सरकारी गाडीबाट बर्दिबास जाँदै गर्दा तोडफोड गरिएको हो।

# चोरीका सामानसहित दुई नाबालक पक्राउ

**राजबिराज**/ताल्चा फुटाएर पसलबाट लाखौंको धनमाल चोरी गर्ने दुई नाबालकलाई सामानसहित प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मल्हनियाका १३ र १४ वर्षिय दुई बालक छन्।

छिमेकमै रहेको ज्ञानु साह सुडीको कृष्णा जेनरल स्टोर्समा बुधबार बिहान ३ बजेतिर पसलको ताल्चा फुटाई उनीहरुले नगद, रिचार्ज कार्ड तथा सुनचाँदीका गरगहना लगायतका सरसमान चोरेर लगेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले उनीहरुको घरमै बाकस र खाटमुनी लुकाई राखेको अवस्थामा सामानहरु बरामद गरेको जनाएको छ। उनीहरुको घरबाट सुडीको पसलमा चोरी गरिएका ४२ हजार २ सय ८० नेपाली तथा ६ हजार २ सय ७० भारतीय रुँपैया बरामद गरिएको छ।

यस्तै सुन जस्तो देखिने ८ तोला २ आना धातुको गरगहना र ४३ तोला चाँदी जस्तो देखिने धातुको गरगहना र ६१ हजार २ सय ५० मुल्य बराबरको रिचार्ज कार्ड पनि प्रहरीले बरामद गरेको छ।

पक्राउ परेका दुवै जनालाई जिल्ला अदालतबाट चोरी मुद्दामा म्याद थपि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# रहस्यमय ढंगले ट्रकमा आगलागि

**राजबिराज**/सप्तरीमा एक ट्रकमा मंगलबार राती रहस्यमय ढंगले आगलागी भएको छ।

जिल्लाको अग्नीसाईर कृष्णासवरण गाउँपालिका २ स्थित पुर्वपश्चिम लोकमार्गमागमा बिग्रेर पार्किङ गरिराखिएको ना.५ख. १९११ नम्बरको मालवाहक ट्रकमा रहस्मय ढंगले आगलागी भएको हो।

आगलागीले सो ट्रकको अगाडीको भाग पूर्णरुपले क्षतीग्रस्त भएको प्रहरीले जनाएको छ।

कुखुराको दाना लोड भएको उक्त गाडी बिग्रिएपछि बिशाल चोक नजिकै पार्किङ गरिराखिएको र राती १२ बजे तिर अचानक आगलागी भएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

घट्नाबारे थाहा पाउने बितिकै पुगेको कंचनरुप नगरपालिकाको बारुणयन्त्र, प्रहरी र स्थानीयवासीको मदतले आगो निभाइएको उनले जानकारी दिए।

घटनाको बेला चालक गाडीमा नरहेको तथा घट्नाको थप अनुसन्धान भइरहेको उनले जनाए।

# एक लाख ६ हजार ३ सय १६ जनाले लगाए पूर्ण खोप

**राजविराज**/कोभिड १९ बिरुद्धको पूर्ण खोप सप्तरीका १ लाख ६ हजार ३ सय १६ जनाले लगाएका छन्।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले २ लाख ९४ हजार जनाले कोभिड १९ विरुद्धको पहिलो डोज तथा बाँकी रहेकाहरुलाई दोश्रो मात्राको खोप लगाउने क्रम जारी रहेको जानकारी दिएको छ।

हाल सम्म कोभिसिल्डको ६ हजार ९ सय ५५, भेरोसिलको ४५ हजार ९ सय ११ र जोनसन एण्ड जोनसनको पुर्ण डोज ३५ हजार २ सय ८४ जनाले पाईसकेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन्।

यस्तै स्टाजेनिकको १७ हजार १ सय ६६ र फाईजरको १ हजार जनाले पुर्ण खोप पाईसकेका छन्। उनले बाकी रहेकाहरुलाई पनि स्थानीय तह र स्वास्थ्य केन्द्रहरु मार्फत खोप लगाउने क्रम जारी रहेको बताए।

यस्तै पुर्णमात्रामा खोप लगाएको र ६ महिना पुरा भएका ब्यक्तीलाई बुस्टर डोजको खोप दिने काम जिल्लामा शुरु भईसकेको र हाल सम्म करिब १ हजार ब्यक्तीले उक्त खोप पाईसकेको उनको भनाइ छ। उनले बुस्टर डोजमा पहिले जुन खोप लगाएको हो सोही खोप लगाउनु पर्ने बताए।

जिल्लामा २०७७ साल माघ १४ देखी कोभिड विरुद्धको खोप अभियान शूरु गरिएको थियो।

# क्यानको छनोट समितिको संयोजकमा सप्तरीका चौधरी

**राजबिराज**/सप्तरीका पुर्व अन्तराष्ट्रिय खेलाडी दिपेन्द्र चौधरीलाई नेपाल क्रिकेट संघले खेलाडी छनोट समितिको संयोजकमा नियुक्त गरेको छ।

बिहिवार भैरहवामा सम्पन्न नेपाल क्रिकेट संघ वोर्ड बैठकवाट चौधरीलाई खेलाडी छनोट समितिको संयोजकमा नियुक्त गरेको हो।

यसैगरी बैठकले सप्तरी क्रिकेट मैदानका लागि एक जना पुर्व राष्ट्रिय खेलाडी धर्मेन्द्र चौधरीलाई मैदान कर्मचारीमा नियुक्त गर्ने निर्णय गरेको क्यानका कोषाध्यक्ष रोशन कुमार सिहले जानकारी दिएका छन्।




## राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*